नेपाल सरकार

# सूचना तथा सञ्चार मन्त्रालयको

## सूचना

## प्रेस काउन्सिल (कार्यव्यवस्था) (दोश्रो संशोधन) नियमावली, २०६४

प्रेस काउन्सिल (कार्यव्यवस्था) नियमावली, २०४९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

प्रेस काउन्सिल ऐन, २०४८ को दफा १७ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "प्रेस काउन्सिल (कार्यव्यवस्था) (दोश्रो संशोधन) नियमावली,२०६४" रहेकोछ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. प्रेस काउन्सिल (कार्यव्यवस्था) नियमावली,२०४९ को नियम ५ मा संशोधनः प्रेस काउन्सिल (कार्यव्यवस्था) नियमावली,२०४९ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ५ को सट्टा देहायको नियम ५ राखिएकोछ :-

"५ वितरण संपरीक्षणः (१) पत्रपत्रिकाको प्रकाशकले आफ्नो प्रकाशन वितरणको प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र कानून बमोजिम लेखापरीक्षकको प्रमाणपत्र प्राप्त लेखापरीक्षकबाट संपरीक्षण गराई त्यसको प्रतिवेदन समिति समक्ष पठाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको प्रतिवेदन प्राप्त भएपछि समितिले सो प्रतिवेदन आवश्यक जाँचबुझ गरी प्रकाशकलाई अनुसूची बमोजिमको ढाँचामा पत्रपत्रिका वितरण संपरीक्षणको प्रमाणपत्र दिनु पर्नेछ । "

३. मूल नियमावलीको अनुसूचीमा संशोधनः मूल नियमावलीको अनुसूचीमा रहेका "तपाईलाई ........ देखि............. सम्मको अवधिको लागि " भन्ने शब्दहरुको सट्टा "तपाईलाई आर्थिक वर्ष ..........को लागि" भन्ने शब्दहरू राखिएका छन् ।

आज्ञाले,
(शंकर प्रसाद कोइराला)
नेपाल सरकारको का.मु.सचिव